कार्यपालिका बैठक - १०

मिति:- २०७८।०९।२७

दशौं कार्यपालिका बैठकमा प्रस्तुत एजेण्डाहरु

१ चालु आ.व. २०७८।०७९ को नीति कार्यक्रम तथा बजेटको अर्धबार्षिक समीक्षा

२ विभिन्न ऐन तथा नियमावली पारित

- विजयनगर गाउँपालिकाको कृषि विधेयक २०७८
- विजयनगर गाउँपालिकाको वन विधेयक २०७८
- विजयनगर गाउँपालिकाको भूमि विधेयक २०७८
- विजयनगर गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता विधयेक २०७८
- विजयनगर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७८

३ चालु आ व को २०७८ पौष २७ सम्मको खर्च अनुमोदन

४ चालु आ.व. २०७८।०७९ को नीति-कार्यक्रम तथा बजेटमा संसोधन,थपघट तथा रकमान्तर

५ विविध

निर्णयहरु

**निर्णय नं १** चालु आ.व. २०७८।०७९ को नीति कार्यक्रम तथा बजेटको निम्न बमोजिम अर्धबार्षिक समीक्षा कार्यपालिमाबाट पारित गरि दशौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

अर्धबार्षिक समीक्षा

आर्थिक सामाजिक रुपमा पिछडिएको हाम्रो पालिका विविध प्राकृतिक साधन स्रोतको उपलब्धताका कारण अनेकन सम्भावनाले सुसज्जित छ । हामीसँग उपलब्ध ताल-तलैया, वनपैदवार तथा नदिजन्य पदार्थको उचित संरक्षण एवं संवर्द्धन सँगै तिनको यथोचित सदुपयोग गर्न सके मात्र पनि गाउँपालिकाको समृद्धिका लागि आवश्यक आर्थिक स्रोतको जोहोका लागि ठुलो टेवा पुग्ने देखिन्छ ।

विभिन्न जात, जाति भाषा, भाषि, धर्म एवं सास्कृतिक विविधताको पर्यायको रुपमा रहेको यस गाउँपालिकामा प्राय सबै सम्प्रदायका मानिसहरुको बसोवास रहेको भएतापनि धार्मिक एवं अन्य बिविध सहिष्णुताको हिसाबले नेपालकै उदाहरणीय स्थानीय तहको रुपमा रहनु हामी सबैको गौरवको विषय हो । हामिहरुको सुझबुझपूर्ण साझा प्रयत्नबाट मात्र हाम्रो यो पहिचानलाई थप जीवन्तता प्रदान गर्न सक्दछौं । तसर्थ यस विषयमा सम्पूर्ण सभा सदस्य ज्यूहरुको ध्यानाकर्षण गर्न चाहान्छु ।

स्थानीय सरकारको रुपमा यस विजयनगर गाउँपालिकाको प्रतिनिधित्व गरिरहेका हामी प्रतिनिधिहरु त एकतावद्ध छदै छौ सरकार वाहिर रहनुभएका आम विजयनगरबासी विभिन्न क्रियाशिल राजनैतिक दलहरु र सरोकारवालाहरुले समेत गाउँपालिकाको समृद्धिका लागि सञ्चालित हरेक योजना तथा कार्यक्रमहरुमा अत्यन्तै रचनात्मक सहयोग पुऱ्याइरहनुभएको छ । तसर्थः यस स्थानीय सरकारको नेतृत्व गर्ने सौभाग्य म आफुलाई प्राप्त भएकोमा निकै भाग्यमानी ठानेको छु ।

## कार्यपालिका बैठक - १०

मितिः- २०७८।०९।२७

गाउँको सिंहदरबारको रुपमा स्थापित स्थानीय सरकारको रुपमा यस गाउँपालिकाले स्थापनाकालदेखि नै न्यूनतम आवश्यक जनशक्तिको समेत उपलब्धता नहुँदा सेवा प्रवाहलाई उद्देश्य अनुरुप उपयुक्त सेवा उपयुक्त ढंगले जनअपेक्षा अनुरुप प्रवाह गर्न नसकिरहेकोमा निरन्तरको अथक प्रयत्नबाट पालिकाका महत्वपूर्ण शाखाहरुमा अधिकृत तथा सहायक स्तरका कर्मचारीहरुको उपलब्धता भइसकेकोले यहाँबाट हुने सेवा प्रवाहमा गुणात्मक परिवर्तन हुँदै गइरहेको र आगामी दिनहरुमा थप सुदृढ र अझ सशक्त हुने अपेक्षा गरेको छु।

स्थानीय तहको निर्वाचन सम्पन्न भई पाँच बर्षे कार्यकालको अन्तिम बर्षको उत्तरार्धमा आइपुग्दा विजयनगर गाउँपालिका र विजयनगरबासीको समृद्धि र विकासका लागि देखिने र महशुष हुने गरि धेरै कामहरु भएका छन्।आर्थिक र सामाजिक हिशावले अत्यन्तै पिछडीएको कपिलवस्तु जिल्लाकै अति दुर्गम मानिने विजयनगर गाउँपालिका हाम्रो ५ बर्षे अबधिमा आर्थिक सामाजिक साँस्कृतिक भौतिक पूर्वाधार विकासका दृष्टिकोणले सम्पन्न र सम्बृद्धिको बाटोमा अघि बढिरहेको छ।

स्वास्थ्य शिक्षा खानेपानी रोजगारी सामाजिक समानता समावेशीकरण र धार्मिक सांस्कृतिक सहिश्णुताको दृष्टिकोणबाट समेत सवल र सक्षम बन्दै गइरहेको छ । गाउँपालिका केन्द्र सम्म सहज आवागमनका लागि पहूँच मार्गको निर्माण गाउँपालिकाका सम्पूर्ण वडाहरुबाट गाउँपालिका केन्द्र सम्म पुग्ने सडक सञ्जालको विस्तार तथा स्तरोन्नती पालिका भित्रका हरेक टोल तथा बस्तिहरुमा आर सि सि तथा पि सि सि ढलान यूक्त बाटोहरुको निर्माण खानेपानी Overhead Tank तथा बोरिङ्गहरुको जडान सिंचाईका लागि बैकल्पिक उपाएहरुको व्यवस्थापन विद्यालय मदरसा सामुदायिक भवन तथा मन्दीर लगाएत सार्वजिनक महत्वका भौतिक संरचनाहरुको निर्माण सडक सञ्जालका लागि महत्वपूर्ण मानिएका पूल पूलेसा तथा कल्भर्टहरुको निर्माण गाउँपालिकास्तरमा एउटा स्तरीय खेल मैदान निर्माण सबै वडाहरुमा वडास्तरीय खेल मैदानहरुको निर्माण सडकहरुमा नाली निर्माण नदी कटान क्षेत्रहरुमा टतबन्ध निर्माण सुरक्षित आवास कार्यक्रमहरुबाट सयौं घर परिवार खर तथा फुसको छानाबाट मुक्त सयौं घरहरुमा पक्की शौचालय निर्माण वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माण थप आधारभूत स्वास्थ्य केन्द्रहरुको स्थापना र भवन निर्माण लगाएत उल्लेख्य भौतिक सुधारका कामहरु यस अवधिमा भएका छन्।
आर्थिक विकासका लागि प्रदेशकै महत्वको योजना मानिएको भैसी विकास स्रोत केन्द्रको स्थापना ,कृषि तथा पशुपन्छी पाकेट क्षेत्रहरुको विकास तथा विस्तार, लघु उधमीहरुको सिर्जना ,किसानहरुलाई प्राविधि हस्तान्तरण,अनुदान तथा राहत वितरण पर्यटन प्रर्वधनका लागि पोखरी ताल तलैयाको संरक्षण र विकास होमस्टेको स्थापना आय आर्जनमूलक सामाग्रीहरु हस्तान्तरण रोजगार कार्यक्रमहरु सञ्चालन लगाएतका क्रियाकलापको माध्यमबाट आर्थिक विकासको क्षेत्र चलाएमान भएको छ।

उच्च शिक्षा अध्ययनका लागी १० जोड २ विद्यालय सञ्चालन गुणस्तरीय प्राविधिक र सीपमूलक शिक्षा विकासका लागि कक्षाहरु संचालन,सामुदायिक तथा धार्मिक विधालयहरुको गुणस्तर सुधारका लागि संभाव्यता अध्ययन,सामाजिक समानता,लैङगिक समता,समावेशीकरण र सशक्तीकरण,जेष्ठ नागरिक,महिला,बालबालिका पिछाडिएको बर्ग फरक क्षमता भएका ब्यक्तिहरुको सम्मान सशक्तीकरण तथा मूल प्रवाहीकरण सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा माथिको पँहुच बृद्धि गर्न विशेषज्ञ डाक्टर सहित ल्याब तथा स्वास्थ्य क्लिनिक सञ्चालन बर्थिङ सेन्टर सञ्चालन गरि संस्थागत र सुरक्षित सुत्केरी सेवाको विस्तार क्षमता विकास र सचेतना अभिबृद्धिको कार्यक्रमका माध्यमबाट सामाजिक विकासको क्षेत्रमा उल्लेख्नीय सफलता हासिल गरेका छौं।

अनलाइन प्राविधिबाट ब्यक्तिगत घटना दर्ता प्रणालीको सुरुवात भएको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंकिङ्ग प्रणालीबाट प्रभावकारी ढङगबाट भइरहेको छ । सेवा प्रवाहलाई छिटो छरितो सरल र सहज गर्नका लागि प्रविधिको यथोचित प्रयोग गरिएको छ । अभिलेख प्रणाली ब्यवस्थित गर्न सप्टवेयरका माध्यमबाट कार्य सञ्चालन भएको छ । संस्थागत

क्षमता विकास र सुदृढीकरणका लागि आवश्यक कानुनहरुको तर्जुमा लगाएतका कार्यहरु सुशासन संस्थागत विकास र सेवा प्रवाहका क्षेत्रमा भएका उल्लेखनीय कार्यहरु हुन ।

**चालु आ ब को प्रथम ६ महिनमा भएको प्रगती निम्न बमोजिम रहेको छ ।**

१. **वित्तिय क्षेत्रः** चालु आ ब का लागि विनियोजन गरिएको कुल ५८ करोड २७ लाख ३६ हजार ९०० रुपैया ६३ पैसा रकम मध्ये मिति २०७८ पौष २७ गते सम्म रु१६ करोड ७० लाख ६० हजार ८ सय ७७ रुपैया ९९ पैसा गाउँपालिकाको खातामा आम्दानी भएको छ । सो मध्ये संघीय सरकारबाट रु ८ करोड ९ लाख ५० हजार प्रदेश सरकारबाट १ करोड ३ लाख ३ हजार ५००, राजश्व बाडफाडबाट रु ३ करोड ७० लाख ४६ हजार ८ सय १ रुपैया ७६ पैसा , गत आ बको बैंक मौज्दात रु ३ करोड ४५ लाख १० हजार ९ सय ५९ रुपैया ५७ पैसा र आन्तरिक स्रोतबाट रु ५० लाख८७ हजार ८ सय ६८ रुपैया ६६ पैसा रहेको छ । खर्च तर्फ चालु खर्च रु ७ करोड ९८ लाख २ हजार ८७ रुपिया २६ पैसा अर्थात कूल चालू बजेटको २४.५७ प्रतिशत र पुँजिगत तर्फ रु १ करोड ९५लाख ७२ हजार ३४५ अर्थत कूल पुँजीगत बजेटको ७.५९ प्रतिशत गरी जम्मा रु ९ करोड ९३ लाख ७४ हजार ४ सय ३२ रुपिया २६ पैसा अर्थात गाउँपालिकाको कुल बजेटको १७.०५ प्रतिशत रहेको छ ।

२. **भौतिक पुर्वाधार तर्फ** –भौतिक पुर्वाधार तर्फ सबैभन्दा ठुलो उपलब्धी यस विजयनगर गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्ने रहेको छ । अस्पताल निर्माणका लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भई स्रोत प्राप्त हुने सुनिश्चित भएको छ भने हास्पिटल निर्माणका लागि ठेक्का प्रक्रियाको काम सुरु भएको छ । चार वटा वडा कार्यालयका प्रशासनिक भवन निर्माणको काम अन्तिम चरणमा रहेको छ । चालु आ ब को पहिलो ६ महिनामा कुल १४ योजना तथा कार्यक्रमको ठेक्का प्रक्रियाद्धारा कार्यान्वन गरिएकोमा औषधी खरिद र इन्टरनेट जडानको काम सम्पन्न भईसकेको छ ।अन्य ६ वटा योजनाको ठेक्का सम्झौता भइ काम सुरु भइसकेको छ भने ४ वटा योजनाहरु ठेक्का आवह्वान भएको तर अन्य प्रकृया बाकी रहेको छ ।जस्ता पाता खरिदका लागि पटक पटक ठेक्का आव्हान भएपनि ठेक्का नपरेको कारण खरिद हुनसकेको छैन । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु मध्ये ६२ वटा योजनाहरुको सम्झौता भइ काम सुरु भइसकेको छ भने २ वटा योजनाहरुको काम सम्पन्न भइ भुक्तानी प्रक्रियामा रहेको छ । सुरक्षित नागरिक आवास तर्फ यस आर्थिक बर्षका लागि स्वीकृत कुल १०६ लाभग्राही घर परिवार मध्ये १९ लाभग्राही संग सम्झौता भइ आवास निर्माण कार्य भइरहेको छ ।

**३ सामाजिक विकास तर्फ- शिक्षातर्फ** गाउपालिकाबाट सशर्त बाहेक विनियोजित २ करोड २२ लाख ५१ हजार मध्ये ४६ लाख १४ हजार ८ सय ७९ अर्थात विनियोजित रकमको २०.७४ प्रतिशत रकम खर्च भएको छ । गुणस्तरिय तथा सर्वसुलाभ शिक्षा विकासका लागि संभाब्यता अध्यायन गर्ने काम सम्पन्न भई योजना समेत माग भएको छ ।विधालय क्षेत्र सुधारका लागि नियमित अनुगमनको काम जारी राखिएको छ।

**स्वास्थ्य** :-स्वास्थ्य तर्फ सशर्त अनुदान तर्फका २२ र पालिका स्रोतबाट ५ गरि जम्मा २७ वटा कार्यक्रमहरु रहेकोमा हाल सम्म १२ वटा कार्यक्रम सम्पन्न भइ १५ वटा कार्यक्रमहरु कार्यान्वयानको क्रममा रहेका छन्।

**कृषि-कृषि तर्फ** कुल ९ वटा कार्यक्रमहरु रहेकोमा आकस्मिक वाली संरक्षण सेवा अन्तरगत विषादी वितरण,च्याउको किट वितरण तथा आलुको वीउ वितरण गर्ने काम सम्पन्न भएका छन् भने अन्य कार्यक्रमहरु कार्यान्वन चरणमा छन् ।

**पशु सेवा-पशु सेवा तर्फ** स्वीकृत कुल १६ वटा कार्यक्रमहरु मध्ये घाँसको विउ खरिद र मिनरल ब्लक मेसिन खरिदको काम सम्पन्न भइ अन्य कार्यक्रमहरु प्रकियामा रहेका छन ।

**महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ** – विभिन्न २२ वटा कार्यक्रमहरुका लागि कुल ५० लाख ५० हजार रकम विनियोजन भएकोमा आमा समूहहरुलाई त्रिपाल वितरण कानुनी परामर्श बाल क्लब सक्रियता अभिबृद्धि,महिला समिति तथा संजाल भ्रमण युवा लक्षित रक्तदान तथा डोरीतान खेल कार्यक्रम विभिन्न दिवसीय कार्यक्रमहरु सम्पन्न भईसकेका छन् । जसबाट रु ११ लाख खर्च भई बाँकी कार्यक्रम कार्यान्वनको प्रक्रियामा रहेका छन् ।

**रोजगार सेवा एकाई तर्फः** गाउँपालिकाका ७ वटै वडामा कुल ८०४ जना बेरोजगार ब्यक्तिहरुको नामावली EMIS अनलाईन प्रविष्टि गरिएको छ । सबै वडामा गरि कूल ७०० बेरोजगार ब्यक्ति छनौट गरी समिति गठन तथा योजना सम्झौता भई काम अघि बढीरहेको छ ।

**लघु उधम तर्फ** विनियोजित कुल २९ लाख रकम मध्ये ६ लाख १९ हजार ८ सय १४ अर्थात २१.३७ प्रतिशत खर्च भइ बाकी काम प्रक्रियामा रहेको छ ।

**न्यायिक समिति तर्फ-** यस आर्थिक बर्षको पहिलो छ महिनामा न्यायिक समिति तर्फ कूल ४९ मुद्धाहरु दर्ता भएका जस मध्ये १५ वटा मुद्धाहरु मिलापत्रद्वारा टुङ्गो लगाइएको र १३ वटा मूद्धाहरु न्यायिक निर्णयद्वारा फछर्यौट गरिएको छ भने बाँकी २१ वटा मुद्धाहरु प्रक्रियामा रहेका छन् ।

**निर्णय नं २** विजयनगर गाउँपालिकाको सेवा प्रवाहका क्रममा आवश्यक देहाएका कानुनहरु स्वीकृत गरि दशौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

- **विजयनगर गाउँपालिकाको कृषि ऐन २०७८**
- **विजयनगर गाउँपालिकाको वन ऐन २०७८**
- **विजयनगर गाउँपालिकाको भूमि ऐन २०७८**
- **विजयनगर गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता ऐन २०७८**
- **विजयनगर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७८**

**निर्णय नं ३** चालु आ व को २०७८ पौष २७ सम्मको देहाए बमोजिम भएको खर्च स्वीकृत गरि अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**आ.व. : २०७८/७९** **अवधी : २०७८/०४/०१-२०७८/०९/२७**

| आय | व्यय | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | मौज्दात | |

| | | | | |
|---|---|---|---|---|
| संघीय सरकार | ३८,०२,०६,००० | ८,०९,५०,००० | २९,९२,५६,००० | |
| १३३११ समानिकरण अनुदान | १२,३६,००,००० | ३,०९,००,००० | ९,२७,००,००० | |
| १३३१२ शसर्त अनुदान चालु | १८,९२,०६,००० | ४,१८,७५,००० | १४,७३,३१,००० | |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,२७,००,००० | ८१,७५,००० | २,४५,२५,००० | |
| १३३१५ विषेश अनुदान पुँजीगत | २,०८,००,००० | ० | २,०८,००,००० | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,३९,००,००० | ० | १,३९,००,००० | |
| प्रदेश सरकार | ३,५३,७९,००० | १,०३,०३,५०० | २,५०,७५,५०० | |
| १३३११ समानिकरण अनुदान | ५८,३५,००० | २९,१७,५०० | २९,१७,५०० | |
| १३३१२ शसर्त अनुदान चालु | ८५,४४,००० | २१,३६,००० | ६४,०८,००० | |
| १३३१४ विषेश अनुदान चालु | ६०,००,००० | १५,००,००० | ४५,००,००० | |
| १३३१६ समपुरक अनुदान चालु | १,५०,००,००० | ३७,५०,००० | १,१२,५०,००० | |
| राजस्व बाडफाड | १२,३२,१३,९००.६३ | ४,५४,१८,७७२.१० | ७,७७,९५,१२८.५३ | |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | १४,००,००० | ६,२४,१६० | ७,७५,८४० | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,७४,१६,५०० | ३,०८,६९,८३५.१६ | १,६५,४६,६६४.८४ | |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ४,७४,१६,५०० | ९४,७१,०४८.३६ | ३,७९,४५,४५१.६४ | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८६,३०,९००.६३ | ३७,७८,७२८.५८ | ४८,५२,१७२.०५ | |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३३,५०,००० | ० | ३३,५०,००० | |
| १४१५७ बाँडफाँड भई | १,५०,००,००० | ६,७५,००० | १,४३,२५,००० | |

| | | | | |
|---|---|---|---|---|
| प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | | | |
| अन्तरिक श्रोत | ४,३९,३८,००० | ३,९५,९८,८२८.२३ | ४३,३९,१७१.७७ | |
| ११३१३ एकीकृत सम्पती कर | २६,००,००० | ८,८९,३४७ | १७,१०,६५३ | |
| ११३१४ भुमिकर/मालपोत | ४,००,००० | ० | ४,००,००० | |
| ११३२१ घरवहाल कर | १,००,००० | ८८,०२० | ११,९८० | |
| ११३२२ वहाल विटौरी कर | ५०,००,००० | २,८२,७८१ | ४७,१७,२१९ | |
| ११६९१ अन्य कर | २०,००० | ० | २०,००० | |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४,००,००० | ५,५२,१३५ | (१,५२,१३५) | |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ५,००० | ० | ५,००० | |
| १४२२१ न्यायिक दस्तूर | ३०,००० | १,६०० | २८,४०० | |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १,५०,००० | ४२,२०० | १,०७,८०० | |
| १४२२४ परीक्षा शुल्क | ३०,००० | ३,९०० | २६,१०० | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ६,४५,००० | २,७६,४७५ | ३,६८,५२५ | |
| १४२४२ नक्सापास दस्तुर | ५०,००० | २३,००० | २७,००० | |
| १४२४३ सिफारिश दस्तुर | १५,००,००० | ४,८०,०२३ | १०,१९,९७७ | |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,५०,००० | २,१०,९०० | ३९,१०० | |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५०,००० | २९,७०० | २०,३०० | |
| १४२४९ अन्य दस्तुर | २,००,००० | ६३,४५६.८० | १,३६,५४३.२० | |
| १४२५३ व्यावसाय | २,५०,००० | ७४,००० | १,७६,००० | |

| | | | | |
|---|---|---|---|---|
| रजिष्ट्रेशन दस्तुर | | | | |
| १४२६५ अन्य क्षेत्रको आय | २०,००० | १,७४,४१४ | (१,५४,४१४) | |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,००० | ० | ५०,००० | |
| १४३१३ धरौटी सदरस्याहा | ५०,००० | ० | ५०,००० | |
| १४५२९ अन्य राजस्व | ८,००,००० | ७,३३,५१५.११ | ६६,४८४.८९ | |
| १५१११ बेरूजू | ५,००,००० | ११,६२,४०१.७५ | (६,६२,४०१.७५) | |
| ३२१२२ बैंक मौज्दात | ३,०८,३८,००० | ३,४५,१०,९५९.५७ | (३६,७२,९५९.५७) | |
| **जम्मा** | **५८,२७,३६,९००.६३** | **१७,६२,७१,१००.३३** | **४०,६४,६५,८००.३०** | |
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| **चालु** | **३२,४८,३२,०००.६३** | **८,०१,५६,३२०.२६** | **२४.६८** | **२४,४६,७५,६८०.३७** |
| २११११ पारिश्रमिक कर्मचारी | ९,९०,३२,००० | ३,७२,२१,६४६.२६ | ३७.५९ | ६,१८,१०,३५३.७४ |
| २११२१ पोशाक | ८,८५,००० | ० | ० | ८,८५,००० |
| २११२३ औषधीउपचार खर्च | ५,००,००० | ० | ० | ५,००,००० |
| २११३१ स्थानीय भत्ता | ३५,००,००० | ८,६६,८०६ | २४.७७ | २६,३३,१९४ |
| २११३२ महंगी भत्ता | ६,००,००० | १,५८,१२५ | २६.३५ | ४,४१,८७५ |
| २११३३ फिल्ड भत्ता | १२,०४,००० | ० | ० | १२,०४,००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ८,००,००० | ३४,५०० | ४.३ | ७,६५,५०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ९,९६,००० | ० | ० | ९,९६,००० |
| २११३९ अन्य भत्ता | ९२,१८,००० | १,४५,८६८ | १.५८ | ९०,७२,१३२ |
| २११४१ पदाधिकारी बैठक भत्ता | २६,००,००० | ५,७३,००० | २२.०४ | २०,२७,००० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ८३,००,००० | ४३,५८,७५० | ५२.५२ | ३९,४१,२५० |

| | | | | |
|---|---|---|---|---|
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १,५०,००० | ० | ० | १,५०,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | १०,००,००० | ० | ० | १०,००,००० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | २७,००,००० | १०,३५,२३९ | ३८.३४ | १६,६४,७६१ |
| २२१११ पानी तथा बिजुली | १०,८०,००० | १,५१,७६१ | १४.०५ | ९,२८,२३९ |
| २२११२ संचार महसुल | ५,०८,००० | ३१,५०० | ६.२ | ४,७६,५०० |
| २२२११ इन्धन (पदाधिकारी) | ७,००,००० | ३,२६,०८१ | ४६.५८ | ३,७३,९१९ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २५,३०,००० | ८,९८,५३२ | ३५.५२ | १६,३१,४६८ |
| २२२१३ सवारी साधन मर्मत खर्च | २०,००,००० | ८,६५,१८५ | ४३.२६ | ११,३४,८१५ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,००० | ५,००,००० | १०० | ० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,३४,००० | २६,७५० | ५.०१ | ५,०७,२५० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५३,७०,००० | २७,४९,३२६ | ५१.२ | २६,२०,६७४ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५०,००० | ० | ० | ५०,००० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३८,१०,००० | १४,३०,५२५ | ३७.५४ | २३,७९,४७५ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ५,६५,००० | ३,२६,०३१ | ५७.७ | २,३८,९६९ |

| | | | | |
|---|---|---|---|---|
| २२४११ सेवा र परामर्श खर्च | ५,००,००० | ० | ० | ५,००,००० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०,००,०००.६३ | ७,६५,२३१ | ३८.२६ | १२,३४,७६९.६३ |
| २२४१३ करार सेवा शुल्क | ३,३०,३२,८०० | १,२९,६४,६५३ | ३९.२५ | २,००,६८,१४७ |
| २२४१९ अन्य सेवा शुल्क | १२,७६,००० | ५,६४,३७० | ४४.२३ | ७,११,६३० |
| २२५११ कर्मचारी तालिम खर्च | १५,७८,००० | ० | ० | १५,७८,००० |
| २२५२२ कार्यक्रम खर्च | ५,३१,१९,२०० | ४८,०५,९९८ | ९.०५ | ४,८३,१३,२०२ |
| २२५२९ विविध कार्यक्रम खर्च | ४५,८५,००० | १६,६२,३८६ | ३६.२६ | २९,२२,६१४ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ११,५७,००० | ३९,६५० | ३.४३ | ११,१७,३५० |
| २२६१२ भ्रमण खर्च | ३५,०८,००० | १२,८५,७४२ | ३६.६५ | २२,२२,२५८ |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ७५,००० | ० | ० | ७५,००० |
| २२७११ विविध खर्च | ४६,४६,००० | १२,४०,८६६ | २६.७१ | ३४,०५,१३४ |
| २२७२१ सभा सञ्चालन खर्च | ३,००,००० | ० | ० | ३,००,००० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ५,३५,५२,००० | २७,६५,९४४ | ५.१६ | ५,०७,८६,०५६ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ७१,१०,००० | ० | ० | ७१,१०,००० |
| २७२१३ औषधीखरिद खर्च | ४७,००,००० | ३,९९,९९८ | ८.५१ | ४३,००,००२ |
| २८१४२ घरभाडा | १०,००,००० | ३,७६,५८० | ३७.६५ | ६,२३,४२० |
| २८१४३ सवारी साधन तथा मेशिनर | १२,००,००० | ५,०८,५०० | ४२.३८ | ६,९१,५०० |

| | | | | |
|---|---|---|---|---|
| औजार भाडा | | | | |
| २८२११ राजस्व फिर्ता | १०,८०,००० | १०,७६,७७७ | ९९.७ | ३,२२३ |
| २८२१९ अन्य फिर्ता | १२,८१,००० | ० | ० | १२,८१,००० |
| **पूंजीगत** | **२५,७९,०४,९००** | **२,२७,०२,०१२** | **८.८** | **२३,५२,०२,८८८** |
| ३१११ आवासीय भवन निर्माण/खरिद | ५,६२,६५,००० | ६४,५२,९१२ | ११.४७ | ४,९८,१२,०८८ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३७,९१,६८१ | ५,९१,६८१ | १५.६ | ३२,००,००० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३०,००,००० | ० | ० | ३०,००,००० |
| ३११२२ मेशिनरी तथा औजार | ५३,९९,९०० | ४,४९,२०० | ८.३२ | ४९,५०,७०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ८,५०,००० | ९०,४०० | १०.६४ | ७,५९,६०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २२,००,००० | ० | ० | २२,००,००० |
| ३११३५ पूँजीगत परामर्श खर्च | २०,००,००० | १६,७१,२७० | ८३.५६ | ३,२८,७३० |
| ३११५१ सडक तथा पूल निर्माण | १०,६७,६०,००० | ६५,७२,६९० | ६.१६ | १०,०१,८७,३१० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | २५,००,००० | ० | ० | २५,००,००० |
| ३११५५ सिंचाई संरचना निर्माण | ९८,८०,००० | ० | ० | ९८,८०,००० |
| ३११५६ खानेपानी संरचना निर्माण | २८,५०,००० | ४,९२,१८४ | १७.२७ | २३,५७,८१६ |
| ३११५७ वन तथा वातावरण संरक्षण | ३,००,००० | ० | ० | ३,००,००० |
| ३११५८ सरसफाई संरचना निर्माण | १०,००,००० | ० | ० | १०,००,००० |
| ३११५९ अन्य | ४,५२,०८,३१९ | ५९,००,४७९ | १३.०५ | ३,९३,०७,८४० |

| | | | | |
|---|---|---|---|---|
| सार्वजनिक निर्माण | | | | |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,५९,००,००० | ४,८१,१९६ | ३.०३ | १,५४,१८,८०४ |
| **जम्मा** | ५८,२७,३६,९००.६३ | १०,२८,५८,३३२.२६ | १७.६५ | ४७,९८,७८,५६८.३७ |

**निर्णय नं ४** यस गाउँपालिकाको चालु आ व २०७८।०७९ को स्वीकृत बार्षिक बजेटमा देहाए बमोजिम संसोधन,थपघट तथा रकमान्तर गरि स्वीकृतका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**वडा कार्यालय तथा विभिन्न विषयगत शाखाहरुबाट भएको संसोधन**

| क्र.स. | वडा/शाखा | साविक कार्यक्रम | विनियोजित वजेट | संसोधन कार्यक्रम | संसोधित वजेट | |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | जिरो होम डेलिभरी न्यूनिकरण कार्यक्रम | ३००००० | स्वयम सेविका प्रोत्साहन कार्यक्रमा थप | ३३५००० | |
| २ | | स्वयमसेविका क्षमता अभिवृद्धि तालिम | ३००००० | अवकास स्वयम सेविका प्रोत्साहन कार्यक्रम | २२०००० | |
| | | | | गणेशपुर वर्थिङ सेन्टर उदघाटन कार्यक्रम | ४५००० | |
| जम्मा | | | | | ६००००० | |
| १ | शिक्षा शाखा | स्थानीय पाठ्यक्रम तथा पठ्य सामाग्रि विकास | ५००००० | शिक्षक डायरी निर्माण | ३००००० | |
| २ | | असल अभ्यास गरेको विद्यालयहरुका लागि प्रोत्साहन | १००००० | गा.पा. बाट अनुमानित धार्मिक विद्यालयलाई अनुदान | ८५०००० | |
| ३ | | SEE लक्षित अग्रेजि गणित र विज्ञान विषयको नतिजा सुधार कार्यक्रम | १५०००० | | | |
| ४ | | विद्यार्थी प्रतिभा पहिचान | ३००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | विद्यालय शुक्रबारारीय अतिरिक्त क्रियाकलाप संञ्चालन | १००००० | | | |
| जम्मा | | | ११५०००० | | ११५०००० | |
| १ | कृषि | तरकारी नर्सरीस्थापनामा अनुदान कार्यक्रम | ३५० | तरकारी मिनी किट वितरण | ३०० | |
| २ | | आप गोलभेडा फर्सी र सुर्सानी सस बनाउने १ जना साना उद्यमीलाई अनुदान | १०० | कृषि शाखाको उपकरण खरिद | ५० | ४ लाख ५० हजार मुल बजेट बाट घट्ने |
| ३ | | भ्रमण कार्यक्रम | ५०० | हिउदे मकैको विउ वितरण | १०० | |
| ४ | | कार्यक्रम अनुगमन | १५० | विषादि वितरण खरिद | १०० | |
| | | | | कार्यक्रम अनुगमन | ५० | |
| | | | | बैठक भत्ता | ५० | |
| जम्मा | | | ११०० | | ६५० | |
| १ | पशु शाखा | पशु स्वास्थ्य शिविर | २००००० | औषधि खरिद कार्यक्रम | २००००० | |
| २ | | निशुल्क कृ.ग. गर्ने कर्मचारी लाई प्रति पशु रु ४०० प्रदान कार्यक्रम | ५००००० | | | कार्यक्रम हटाइ मूल बजेटबाट घटाइएको |
| जम्मा | | | ७००००० | | २००००० | |
| १ | वडा नं. ३ | पत्थरसदेइया गाउँभित्र सडक स्तोरउन्नती | | पत्थदेयीईया गाउँभत्रि सडक पि.सि.सि ढलान | ६००००० | |
| २ | | भुवनेश्वर मा.वि. अधुरो भवन निर्माण | | भुवनेश्वरी मा.वि. अधुरो भवन प्लास्टर रंगरोगन फर्निचर तथा खेल मैदान मर्मत | ५०००००० | |
| ३ | | वडा भित्र सडक ग्राभेल | | वड भित्र सडक ग्राभेल | २००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | बन्सरी भरको घर देखी पूर्व मूल सडक तथा शिव मन्दिर देखी शिव रतन घर सम्म सडक पि.सि.सि. ढलान | | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १००००० | |
| | | | | शिव मन्दिर देखी शिव रतन तेली को घर सम्म तथा उत्तर जाने सडक पि.सि.सि. | ५००००० | |
| जम्मा | | | | | ६४००००० | |
| १ | वडा नं. ४ | छिटाई डिहवा शिव मन्दिर निर्माण | २००००० | बेतनी ईमिलिखर्क वडा ग्रभेल | १००००० | |
| २ | | जोलाहि पहाडी गाउँमा पोल ठाउँ सारी | २००००० | छिटाईडिवहा चौक निर्माण (कल्लु खाँ को आगनमा) | १००००० | |
| | | | | शंकरपुर मेला | ८०००० | |
| | | | | ईमिलिखर्क टेक बहादुर खत्रीको घर देखी पृथ्वी बहादुर मल्लको घर सम्म ग्राभेल | १२०००० | |
| जम्मा | | | ४००००० | | ४००००० | |
| १ | वडा नं. ७ | छो अमौली धर्मशाला निर्माण | ४५०००० | मानपुर प्रसोहिया गणेशपुर गाँउधित्र सडक स्तोरउन्नती | ४००००० | |
| २ | | मधुनगर गाउँ भित्र पि.सि.सि. ढलान | ६००००० | मधुनगर गाउँधित्र सडक स्तोरउन्नती | ४८०००० | |
| ३ | | | | जनज्योती नि.मा. विद्यालयमा मानपुरमा प्रिन्टर तथा कम्प्यूटर खरिद | ५०००० | |
| ४ | | | | श्री त्रिनेत्र नि.मा.वि. मधुनगर सोनवर्षामा प्रिन्टर तथा कम्प्यूटर खरीद | ६०००० | |
| ५ | | | | सुत्केरी महिला लाई पोषण सामाग्रि वितरण | ६०००० | |
| जम्मा | | | १०५०००० | | १०५०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | महिला शाखा | फरक क्षमता भएका व्यक्तिलाई सहयोगी सामाग्री वितरण कार्यक्रम | ३००००० | महिला समितिहरुलाई व्यवस्थापन सहयोग कार्यक्रम | ३००००० | |
| २ | | मुस्लिम महिला आय आर्जन कार्यक्रम (बाख्रा पालन) | ५००००० | मुस्लिम महिला आय आर्जन कार्यक्रम (सिलाई मेसिन वितरण) | ५००००० | |
| जम्मा | | | ८००००० | | ८००००० | |

## गाउँपालिकाबाट गरिएको संसोधन थपघट तथा रकमान्तर सम्वन्धी

| क्र.स. | शिर्षक | घटाउने | शिर्षक | थप गर्ने |
|---|---|---|---|---|
| १ | परिश्रमिक कर्मचारी | २५००००० | जनप्रतिनिधि अन्य सुविधा (संघिय राजश्व) | १००००० |
| २ | औषधि उपचार खर्च | ४००००० | करार सेवा शुल्क | ३००००० |
| ३ | जनप्रतिनिधि विमा प्रिमियम | २००००० | वडा नं. ५ पिपरी मन्दिर धर्मशाला निर्माण | ३००००० |
| ४ | सञ्चार महसुल | ३००००० | खाने पानी नल वितरण | ५००००० |
| ५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | ५००००० | जस्तापाता खरिद | ५००००० |
| | सूचना प्रणाली तथा सफ्ट्यर प्रणली खर्च | २३४७६९.६३ | प्रविधिक ल्याव स्थापना | ५००००० |
| ६ | भूमिहिन सुकुम्वासी तलव भत्ता | ८००००० | धार्मिक विद्यालय अनुदान सहयोग | १००००० |
| ७ | कर्मचारी तालिम खर्च | ५००००० | गाउँपालिका गेट तथा फलामे सिढी निर्माण | ५००००० |
| ८ | सिपमुलक तालिम | ५००००० | पिपरी स्वास्थ्य चौकीमा गेट तथा वाउण्डरी निर्माण | ५००००० |
| ९ | दायित्व भूक्तानी बाँकी | ८००००० | गाउँपालिकामा वाउण्डरी वाल निर्माण | ५००००० |
| १० | भूमिहिन उपकरण खरिद | ५००००० | गाउँपालिका फिल्डमा व्लक पेभिङ कार्य | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| ११ | अन्य साझेदारी कार्यक्रम | १०००००० | मागमा आधारित साना पुर्वाधार कार्यक्रम | ४०००००० |
| १२ | भैसि स्रोत विकास केन्द्र साझेदारी | २५००००० | अपुग अन्तरिक स्रोत मिलान खर्च | १९३४७७० |
| जम्मा | | १०७३४७७० | | १०७३४७७० |

**निर्णय नं ५** विविध

**क** विजयनगर गाउँपालिका वडा नं ३ पत्थरदेइया गाउँ भित्र पि सि सि ढलानका लागि मागमा आधारित साना पूर्वाधार कार्यक्रम खर्च शीर्षकबाट रु १००००० उपलव्ध गराउने निर्णय गरियो ।

**ख** विजयनगर गाउँपालिका वडा नं ५ मा कार्यरत असिस्टेन्ट सव इन्जिनियर कृष्ण कुमार चौधरी कार्यालय कामकाजको क्रममा मोटर साइकल दूर्घटनामा परि घाईते भएकाले उपाचार खर्च स्वरुप रु २००००/- उपलव्ध गराउने निर्णय गरियो ।